गण्डकी प्रदेश सरकार
कृषि, तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कास्की**
पोखरा, नेपाल

आ.व. ०८०/८१ का लागि कार्यक्रम संचालनको लागि आवेदन प्रस्ताब पेश गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशन भएको मिति २०८०/०९/२६)

कृषि ज्ञान केन्द्र, कास्कीको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समूह तथा सहकारी संस्थाले मिति २०८०/१०/१७ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क.सं. | कार्यक्रमको नाम | लक्ष्य | अनुदानको सहयोग रकम | बजेट (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरू) |
|---|---|---|---|---|---|
| १ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना | | | | |
| १.१ | मकै बालीको क्षेत्रफल बिस्तार तथा उत्पादन प्रवर्धन कार्यक्रम | ३० हेक्टर | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वयन मापदण्ड, २०७९ अनुसार बीउ बृद्धि र बाली उत्पादन प्रवर्धन कार्यमा कुल लागतको बढीमा ९०% तथा मूल्य अभिवृद्धि र बजार प्रवर्धन तर्फ बढीमा ५०% अनुदान सहयोग उपलब्ध गराउन सकिने छ। | ३० | कम्तीमा १० घरपरिवार संलग्न समुह वा सहकारी मार्फत कम्तीमा १०० रोपनी क्षेत्रफल खेती गर्नु पर्नेछ । |
| १.२ | बीज वृद्धि कार्यक्रम | १० हेक्टर | | १० | कम्तीमा १० घरपरिवार संलग्न समुह वा सहकारी मार्फत कम्तीमा २० रोपनी क्षेत्रफल बीउ उत्पादन गर्नु पर्ने |
| १.३ | मकैको उत्पादनोपरान्त व्यवस्थापन, बजारीकरण तथा मूल्य अभिवृद्धि सहयोग कार्यक्रम | १ पटक | | ६ | कृषि, फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन गर्नुपर्ने। |

**आवश्यक कागजातहरु**

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फारम
३) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
४) वडा कार्यालयको सिफारिश पत्र र सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
५) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ *(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, समूह बैठकको निर्णय,अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)*

पुनश्चः माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ।साथै उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन।

*थप जानकारीको लागि* कृषि ज्ञान केन्द्र, कास्कीको वेभसाईट kaski.akc.gov.np (फोन नं. ०६१-४५१२५०, ९८५६००१३४४)

प्रमुख

CamScanner